दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली , दाङ
लुम्बिनी प्रदेश , नेपाल

ईमेल: ito.dangisharanmun@gmail.com

प.सं.: ०७८/७९
च.नं.:

मिति :२०७८/११/२

## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम १८-५९ वर्ष उमेर समुहका तर नेपाल सरकारले तोकेको न्यूनतम आय (५७,७००/- वार्षिक) भन्दा कम आय भएको कुनै पनि स्व-रोजगार मा संलग्न नभएको व्यक्तिलाई बेरोजगार व्यक्ति मानिन्छ। सोही कार्यविधि अनुसार आ. व. ०७९/८० का लागि न्यूनतम रोजगारीमा आबद्ध भई सामुदायिक तथा अन्य विकास निर्माणमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले आफू बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा मिति २०७८ फागुन महिना भित्र मा निवेदन फाराम दिई सक्नु पर्ने, चैत्र महिना भित्र अनलाइन साइटमा ईन्ट्रि गरि सक्नु पर्ने, २०७९ वैशाखमा प्राथमिकरण गरि सक्नु पर्ने र त्यसै ईन्ट्रि अनुसार असार मा बजेट विनियोजन हुने नयाँ व्यवस्था रहेको छ ।

यस कार्यक्रम मार्फत न्यूनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरा भित्र ल्याउन सहयोग पुर्याउने लक्ष्यलाई विवाद रहित, निष्पक्ष र सफल पार्न बेरोजगार व्यक्तिको परिवारले दिने निवेदनमा निवेदकका र निजका परिवारको सम्पूर्ण विवरण यथार्थ, स्पष्ट र बडा कार्यालयबाट प्रमाणित भई आएको हुन पर्नेछ । अन्यथा, अपूर्ण र झुट्टा निवेदन रद्द गरिनेछ । निवेदन फारम सम्बन्धित वडा कार्यलयमा नि:शुल्क रुपमा पाईन्छ।

तपसिल

१. निवेदक सहित निजका परिवारको सम्पूर्ण सदस्यहरूको **नागरिकताको प्रमाणपत्र** को सहि र स्पष्ट विवरण ।
२. निवेदक सहित निजका परिवारको सम्पूर्ण सदस्यहरूको **रोजगारीको अवस्था।**
३. निवेदक सहित निजका परिवारको सम्पूर्ण सदस्यहरूको **सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सुविधा** लिए/ नलिएको विवरण।
४. निवेदक सहित निजका परिवारको सम्पूर्ण बेरोजगार सदस्यहरूको मात्र **सीप, शैक्षिक योग्यता, र बैंकको खाता विवरण।**
६. निवेदकको **वार्षिक पारिवारिक आम्दानी** ।

पुनश्च :- यदि फाराम भर्न सम्बन्धी केही गुनासो वा अप्ठ्यारो परे सम्बन्धित वडा कार्यालय वा पालिका स्थित रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न हुन पनि विनम्र अनुरोध छ ।

*रोजगार सेवा केन्द्रको सम्पर्क विवरण: ९८४११६०८८९/९८५१२४०६३०*

खिम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत